

भोटेकोशी बाढी प्रभावितका लागि बसोबास र जीविकोपार्जन अनुदान रकम वितरण प्रकृया - २०८३

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३ भदौ १० गतेको निर्णयबमोजिम भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका रसुवा, नुवाकोट, धादिङ्ग, तनहुँ र गोरखा जिल्लाका १५ स्थानीय तहका पूर्ण रुपले क्षति भई बसोबास गर्न अयोग्य निजी आवासको प्रभावित परिवारलाई बसोबास र जीविकोपार्जनका लागि अनुदान प्रदान गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३।०५।२५ मा भएको निर्णय कार्यान्वयनका लागि अनुदान रकम वितरण प्रकृया देहायबमोजिम हुनेछः

१. नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३।०५।२५ मा भएको निर्णयः

(क) २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३ भदौ १० गतेको निर्णयबमोजिम सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका रसुवा, नुवाकोट, धादिङ, तनहुँ र गोरखा जिल्लाका १५ स्थानीय तहका पूर्णरूपले क्षति भई बसोबास गर्न अयोग्य निजी आवासका प्रभावित परिवारहरूले होल्डिङ सेन्टरमा नबसी निजी ढङ्गले अस्थायी बसोबास व्यवस्थापन गर्न चाहेमा त्यस्ता परिवारका लागि वैकल्पिक बसोबासको व्यवस्था नहुन्जेलसम्म बढीमा ६ महिनासम्मका लागि तत्काल राहत स्वरूप बसोबास र जिविकोपार्जनका लागि ४ जनासम्मको सदस्य सङ्ख्या भएका परिवारलाई प्रति परिवार प्रति महिना रु. १५,०००। र सोभन्दा बढी सदस्य भएको परिवारको लागि प्रति सदस्य थप रु. २,०००।- प्रति महिना प्रदान गर्ने।

(ख) सोका लागि आवश्यक रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रभावित परिवारको सङ्ख्या समेतलाई मध्यनजर गरी विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमार्फत सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने।

(ग) स्थानीय तहले लाभग्राही कायम गरी राहत वितरण गर्दा राहत तथा अनुदान वितरणसम्बन्धी प्रचलित मापदण्डअनुसार राहत रकम उपलब्ध गराउने र सोको अभिलेख राख्ने।

२. बसोबास र जीविकोपार्जनको लागि लाभग्राही कायम गरी सम्झौता गर्नेः

(क) विपद्का कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेका घरपरिवारले तपसिलका कागजातहरु संलग्न राखी सम्बन्धित वडा कार्यालयमा लाभग्राही कायम गर्नका लागि निवेदन दिनुपर्नेछः

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं



तपसीलः-

१. नेपालभर आफु र आफ्नो परिवारको नाममा बसोबासयोग्य घर नभएको साथै बसोबास र जिविकोपार्जनको लागि अन्यत्रबाट अनुदान प्राप्त नगरेको स्वःघोषणा,

२. सरकारले अस्थायी आवासको व्यवस्थापन गरेमा उक्त आवासमा बस्न मञ्जुर भएको र सो पश्चात बसोबास र जीविकोपार्जनको अनुदान दाबी नगर्ने प्रतिवद्धता,

३. निवेदनमा परिवारका सबै सदस्यहरुको नाम, थर, उमेर, लिङ्गका साथै अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, एकल महिला, दीर्घरोगी, लोपोन्मुख जाति, भूमिहिन, दलित, यौनिक अल्पसङ्ख्यक वर्ग भएमा स्पष्ट खुलाइएको विवरण।

(ख) वडा समितिले प्राप्त निवेदनको अध्ययन विश्लेषण गरी लाभग्राही कायम गर्नका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा सिफारिस गर्नुपर्नेछ।

(ग) वडा समितिबाट सिफारिससाथ प्राप्त भएका लाभग्राहीको विवरणको अध्ययन विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही कायम गरी स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(घ) कायम भएका लाभग्राहीको विवरण सम्बन्धित स्थानीय तह मार्फत सार्वजनिक गर्ने साथै सो को विवरण सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

(ङ) जिल्ला प्रशासन कार्यालयले कायम भएका लाभग्राहीको विवरण प्राधिकरण र प्रदेशको विपद् हेर्ने मन्त्रालयमा पठाउनुपर्नेछ।

(च) कायम भएका लाभग्राहीसँग सम्बन्धित स्थानीय तहले बसोबास र जिविकोपार्जनको अनुदान सम्झौता गर्नुपर्नेछ।

३. बसोबास र जिविकोपार्जनको अनुदान निकासा तथा वितरण प्रक्रियाः

(क) स्थानीय तहबाट कायम भएका लाभग्राहीको विवरण संलग्न गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुदान रकम निकासा माग गर्नुपर्नेछ।

(ख) जिल्ला प्रशासन कार्यालयले प्राप्त विवरणका आधारमा जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको मौज्दातबाट स्थानीय विपद् व्यबस्थापन कोषमा तत्काल निकासा गर्नुपर्नेछ।

(ग) जिल्ला विपद् व्यवस्थापन कोषमा तोकिएको न्यूनतम मौज्दात कायम नहुने अवस्थामा प्राधिकरणसँग निकासा माग गर्नुपर्नेछ र सो रकम प्राप्त भएपछि स्थानीय विपद् व्यवस्थापन कोषमा निकासा गर्नुपर्नेछ।

(घ) स्थानीय तहले अनुदान सम्झौता भएका लाभग्राहीहरुको बैंक खातामा मासिक रुपमा तोकिए बमोजिमको अनुदान स्थानीय विपद् व्यबस्थापन कोषमा रहेको मौज्दातबाट तत्काल भुक्तानी गर्नुपर्नेछ।

तर विपद्का कारण तत्काल लाभग्राहीहरुको बैंक खाता खोल्न नसक्ने अवस्था भएमा घुम्ती बैंकिङ्ग सेवाको प्रबन्ध गरी नगदै रकम वितरण गर्न सकिनेछ।

कार्यकारी प्रमुख

(ङ) स्थानीय तहले बसोबास र जिविकोपार्जन वापत उपलब्ध गराइने अनुदान रकममा दोहोरो नपर्ने गरी वितरणको व्यवस्था मिलाउनुपर्नेछ।

(च) स्थानीय विपद् कोषमा प्राप्त रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(छ) बसोबास र जीविकोपार्जन वापत उपलब्ध गराइने अनुदान रकमको अनुगमन तथा मूल्याङ्कन जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले गर्नुपर्नेछ।

(ज) अनुदान भुक्तानी भएको लाभग्राहीको विवरण सहितको प्रतिवेदन स्थानीय तहले जिल्ला प्रशासन कार्यालयमा र जिल्ला प्रशासन कार्यालयले प्रदेशको विपद् हेर्ने मन्त्रालयमा र प्राधिकरणमा उपलब्ध गराउनुपर्नेछ।

(झ) स्थानीय तहले अस्थायी आवासको व्यवस्थापन भए पश्चात सम्बन्धित लाभग्राहीलाई सो को जानकारी दिई स्थानान्तरण गर्नुपर्नेछ।

(ञ) लाभग्राहीले जानकारी प्राप्त गरेको पन्ध्र (१५) दिन भित्र सरकारले व्यवस्थापन गरेको आवासमा स्थानान्तरण हुनुपर्नेछ।

कार्यकारी प्रमुख

निवेदनको ढाँचा



मितिः...../...../....

श्रीमान वडा अध्यक्षज्यू,
.....वडा समितिको कार्यलय
.....पालिका।

विषयः बसोबास र जीविकोपार्जनको अनुदान लाभग्राही कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० मा भोटेकोशी रसुवा बाढीका कारण .....को नाति/नातिनी/बुहारी.....को छोरा/छोरी/बुहारी.....को ..... (नगर/गाउँ) पालिका ..... वडामा रहेको घर पूर्ण रूपले क्षति भएको / आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको हुँदा, बसोबास र जीविकोपार्जनको अनुदान लाभग्राही कायम गरी बसोबास र जीविकोपार्जन अनुदान रकम उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

निवेदक

(नाम र सहीछाप)

दाँया	बाँया

संलग्न कागजातहरू

१. परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र)
२. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण वा चेकको प्रतिलिपि ।
३. स्वघोषणा।
४. अन्य .....।

परिवारको सदस्यको विवरण

क्र.सं.	नामथर	लिङ्ग	उमेर	अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, एकल महिला, दीर्घरोगी,	घरमूली/ सदस्य	कैफियत

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

				लोपोन्मुख जाति, भूमिहिन, दलित, यौनिक अल्पसङ्ख्यक वर्ग		
१.						
२.						
३.						
४.						
५.						

दस्तखतः.....

नामः.....

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

स्वः घोषणाको ढाँचा

मितिः ...../...../.....

श्रीमान वडा अध्यक्षज्यू,
.....वडा समितिको कार्यलय
.....पालिका

विषयः स्वघोषणा ।

उपर्युक्त सम्बन्धमा मिति २०८३-०५-१० मा भोटेकोशी रसुवा बाढीका कारण ..... को नाति/नातिनी/बुहारी ..... को छोरा/छोरी/बुहारी .....को ..... (नगर/गाउँ) पालिका ..... वडामा रहेको घर पूर्ण रूपले क्षति भएको / आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको ब्यहोरा अनुरोध छ ।

म र मेरो परिवारको नाममा नेपालभर बसोबास योग्य आवास नरहेको र जीविकोपार्जनको अनुदानका निम्ति अन्य कुनै पनि निकायबाट अनुदान रकम प्राप्त नगर्नुका साथै म र मेरो परिवारको निम्ति कुनै पनि निकायले बसोबास र जीविकोपार्जनको अनुदान उपलब्ध गराएको छैन साथै सरकारले अस्थायी आवासको व्यवस्थापन गरेमा उक्त आवासमा बस्न मञ्जुर भएको र तत् पश्चात बसोबास र जीविकोपार्जनको अनुदान दावी गर्ने छैन।

पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु ।

निवेदक

दायाँ	बायाँ

दस्तखतः.....
नामः.....

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

सम्झौता-पत्रको ढाँचा

लाभग्राहीको फोटो

सम्झौता क्रमाङ्क संख्या:.....

बसोबास र जीविकोपार्जनको अनुदान लाभग्राहीका लागि ..... जिल्ला ..... गा.पा/न.पा. वडा नं. ..... गाउँ/टोल.....बस्नेश्री.....कोनाती/नातीनी/बुहारीश्री ..... को छोरा/छोरी/श्रीमती बर्ष .....को लाभग्राही श्री.....(यसपछि प्रथम पक्ष भनिने) र ..... गाउँपालिका/नगरपालिका कार्यालय (यसपछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बसोबास र जीविपार्जनको अनुदान बमोजिम गर्न यो अनुदान सम्झौता-पत्रमा सहीछाप गरेका छौं ।

देहाय

१. नेपालभर आफू र आफ्नो परिवारको नाममा बसोबासयोग्य घर नभएको साथै बसोबास र जिविकोपार्जनको लागि अन्यत्रबाट अनुदान प्राप्त नगरेको स्वःघोषणा,
२. सरकारले अस्थायी आवासको व्यवस्थापन गरेमा उक्त आवासमा बस्न मञ्जुर भएको र सो पश्चात बसोबास र जिविकोपार्जनको अनुदान दावी नगर्ने प्रतिवद्धता,
३. निवेदनमा परिवारका सबै सदस्यहरुको नाम, थर, उमेर, लिङ्गका साथै अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, एकल महिला, दीर्घरोगी, लोपोन्मुख जाति, भूमिहिन, दलित, यौनिक अल्पसङ्ख्यक वर्ग भएमा स्पष्ट खुलाइएको विवरण

क. प्रथम पक्ष (लाभग्राही)

१. व्यक्तिगत विवरण

लाभग्राहीको नाम, थर नेपालीमा.....
जिल्ला .....
गा.पा./न.पा.....
वडा नं. .....

२. बैंक/वित्तीय संस्थामा रहेको खाताको विवरण

खातावालाको नाम, थर .....
खाता नम्बर .....
बैंक/वित्तीय संस्थाको नाम .....
शाखा .....

कार्यकारी प्रमुख



ना.प्र.न. .....

सम्पर्क नं. .....

सम्झौता मञ्जुरी प्राप्त/पत्रमा हस्ताक्षर गर्न अधिकार-व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा मात्र (संरक्षक अधिकार प्राप्त /मञ्जुरी प्राप्त व्यक्तिको बिबरण)

नाम, थर .....

जिल्ला.....

गा.पा./न.पा.....

वडा नं..... ना.प्र.न. .....

बाजेको नाम, थर .....

बाबु/आमाको नाम, थर .....

लाभग्राहीसँगको नाता .....

सम्पर्क नं. .....

ख दोश्रो .पक्ष.....कार्यपालिका कार्यालयको छाप

.....गा.पा/न.पा.

हस्ताक्षर .....

नाम .....

पदः

मिति ...../ ..... / .....

आवश्यक कागजातहरुः

१. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा राष्ट्रियं परिचयपत्रको प्रतिलिपि)।
२. घरमूली उपस्थित नभएको अवस्थामा, मञ्जुरीनामा सहितको निवेदन।
३. अन्य ।

३ स्थायी .ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा

(बसाईँसराइको विवरण उल्लेख गर्ने

बसाईँसराइ प्रमाण-पत्र नं ..... .

बसाईँसराइको मिति..... /..... /.....

४ . लाभग्राहीसंरक्षक/अधिकार प्राप्त व्यक्तिको औठांछाप

दायाँ बायाँ

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर.....

मिति ...../...../

साक्षीको नाम, थर

कार्यकारी प्रमुख